तातोपानी गाउँपालिका जुम्लाको पाँचौ गाउँसभा २०७६ को

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

गंगादेवी उपाध्याय ज्यू द्वारा

प्रस्तुत

# आर्थिक बर्ष २०७६।७७ को बजेट

# बक्तव्य

तातोपानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लितोकोट जुम्ला

## सम्मानित अध्यक्ष एवम् गाउँसभा

कला साहित्य भाषा संस्कृतिका दृष्टिले गौरवमय इतिहास स्थापित गर्न सफल जुम्लाको तातोपानी गाउँपालिका प्रकृतिका अनुपम उपहारहरुबाट पनि सु सज्जित भएको व्यहोरा यहाँहरु जानकार नै हुनुहुन्छ । प्रकृतिको सुन्दर रानीका रुपमा अकल्पनीय तरिकाले कलकल बगिरहने ऐतिहासिक तातोपानी धाराहरु, सुन्दरगाउँ मष्टो, बाबिरा मष्टो र कवा मष्टो जस्ता विभिन्न देवहरुको आवासित भूमि, सवैभन्दा ठूलो ताल गिडी दह, पवित्र तीर्थस्थल बुदबुदी धाम, हिमालको चुचुरोमा अवस्थित भुरीचुला माई, सुन चाँदीले बाँधेर लगाइएका बानिया दियार, मालीका मन्दिर, नचालढुङ्गी मन्दिर, लछ्यालकृति दरबार, ऐतिहासिक गुरुफोक्टो जस्ता बिराट सम्भावना रहेको गाउँपालिका, गौरवशाली इतिहास बोकेको लामो संघर्ष र हरिबहादुर कुवर जस्ता वीर शहिदको रगतबाटसिचित भई विकास र समृद्धिको पथमा लम्किरहेको यस तातोपानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले आर्थिक बर्ष २०७६।७७ को अनुमानित आय व्ययको विवरण यस गरीमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति भएको छ ।

## सम्मानित अध्यक्ष एवम् गाउँसभा

अब म चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेश गर्ने अनुमती चाहन्छु ।

# आ.व. २०७५।०७६ को बजेटको समिक्षा योजना  तथा कार्यक्रम

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | बार्षिक बजेट | १३ करोड ६७ लाख ५० हजार |
| २ | असार सम्मको खर्च | १० करोड ४२ लाख ५ हजार ९ सय उन्चालिस |
| ३ | जम्मा खर्च | १० करोड ९५ लाख ५ हजार ९ सय उन्चालिस |
| ४ | संचित कोषमा | ३ करोड७२ लाख ४४ हजार ६१ मात्र |
| ५ | प्रगति प्रतिशत | ८०.०७ |
| ६ | भौतिक प्रगति | ७६ प्रतिशत |
| ७ | राजश्व | ९ लाख ८६ हजार |
| ८ | बेरुजु गत आ.व. ०७३।०७४ को | ३२ लाख |
| ९ | सम्परिक्षण | ४० हजार ६ सय |

*समिक्षात्मक भौतिक प्रगति :*

- ✓ स्थानीय बाली संरक्षण ।
- ✓ विभिन्न कार्यक्रमहरुको डिपिआर तयारी ।
- ✓ विभिन्न ऐन, नियमहरु कार्यान्वयनको लागि कार्यविधि तयारी ।
- ✓ प्राविधिक शिक्षा संचालन ।
- ✓ गाउँपालिका  स्तरीय सभा  गृहको स्थापना ।

- ✓ योजनाहरु समाविष्ट पात्रो प्रकाशन ।
- ✓ गाउँपालिकामा डिजिटल हाजिरी र सि.सि. क्यामारा जडान ।
- ✓ ६ वडा मा.वि. मा डिजिटल हाजिरी ।
- ✓ प्रत्येक योजनाको लागि सुचना पार्टीको व्यवस्था ।
- ✓ प्रत्येक योजनाको सार्वजनिक सुनुवाई ।
- ✓ आ.व. ०७४।०७५ को महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको ।
- ✓ निर्देशिका, ऐन, कानुन प्रकाशन ।
- ✓ असार मसान्तको दिनमा कार्यपालिकाको बैठकबाट सम्पन्न योजनाहरु फरफराक गरिएको ।

## *गाउँपालिकाका अवसरहरु :*

- ✓ १) थुप्रै सम्भावनाहरुको मालिक बन्न पाएको ।
- ✓ २) यातायातको पहुँच ।
- ✓ ३) जलविद्युत विकासको सम्भावना ।
- ✓ ४) स्याउ खेतीको लागि विशाल भूमि ।
- ✓ ५) जडिबुडिको लागि भण्डार वनको नामले परिचित वडा नं. ४ को जंगल ।
- ✓ ६) तातोपानी धारा ।
- ✓ ७) पाटनक्षत्रेका २४ वटा तालहरुको भूमि ।

## *समस्या र चुनौतिहरु :*

- ✓ समन्वयकारी भूमिकाको अभाव ।
- ✓ चेतनाको कमी ।
- ✓ विकट भौगोलिक अवस्था ।
- ✓ छरिएको वस्ती ।
- ✓ स्थानीय सरकारहरुमा स्थानीय मानसिकता ।
- ✓ ऐन ,नियम कार्यन्वयनका जटिलता ।
- ✓ निर्धारित करलाई कार्यन्वयनमा समस्या ।
- ✓ खचाखच कर्मचारी ।
- ✓ योजना र कार्यक्रम कार्यन्वयन गर्नको लागि अख्तियारी ढिला हुने गरेको ।

- ✓ गरिवी घर परिवार परिचय पत्र वितरणमा कठिनाई आएका ।
- ✓ बैंकिड सुविधा गाउँपालिकामा गैसकेको अवस्थामा पनि सुरक्षा ब्यवस्थाको कमी ।
- ✓ अत्यधिक परिमाणात्मक योजना हरु समावेशी गर्ने परीपाटीले महत्वका योजनाहरु ओजेलमा परेका ।

अधिकार प्राप्तिका लागि भएका १० वर्षिय लामो जनयुद्ध, २०६२।६३ को १९ दिने जनआन्दोलन, सिमाङ्गनका लागि गरिएको १२ दिने प्रदेश आन्दोलन, विभिन्न समयक्रममा भएका तराई मधेश आन्दोलन, प्रादेशिक आन्दोलनमा आफ्नो जीवन बलिदानी दिने शहिदहरु प्रति हार्दिक श्रदासुमन व्यक्त गर्न चाहन्छु

वीर हरिबहादुर कुवर जस्ता जीवन उत्सर्ग गर्ने सपूतहरुको बलिदानिबाट प्राप्त संघियता कायान्वयनको चरणमा भएकोले यसले आशातित उपलव्धी हासिल गर्न नसकेको व्यहोरा यहाँहरुलाई जगजाहेर नै छ । वीस बर्षे कालखण्ड पछि स्थानीय सरकार गठन भए सगै कार्यसम्पादनका क्रममा थुप्रै चुनौतीहरुसँग जोरी खेल्नु परेको अवस्थाप्रति यहाँहरु पुर्ण परिचित नै हुनुहुन्छ । संघीय सरकारले प्रदेशको जिम्मा दिने तर प्रदेशको कानून निर्माण कार्य कछुवाको गतिमा भैरहेकाले हामीले बनाएका थुपै कानुनहरु ओझेलमा परिरहेका छन् । प्रभावकारी कार्य सम्पादनका लागि अपुर्ण कर्मचारी समायोजन प्रक्रिया, भौतिक संरचनाको कमी, कानुन र कार्यविधिको अभाव, विषयगत तथा प्राविधिक जनशक्तिको कमी, सूचना प्रविधिको अभाव जस्ता विकराल समस्याहरुले आयोजनाहरुले सही गती लिन नसकेको तीतो यथार्थ यहाँहरुलाई जगजाहेर नै छ ।

**सम्मानित अध्यक्ष एवम् गाउँसभा**

अब म आ.व.२०७६।७७ का बजेटका उद्येश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु

क) उर्जा, खानेपानी, पर्यटन, सिचाई र पुर्वाधार क्षेत्रको विकासद्वारा तातोपानी गाउँपालिकाको तीव्र आर्थिक बृद्धि गर्ने ।

ख) शिक्षा, स्वास्थ्य, महिला विकास जस्ता कार्यक्रमहरुद्वारा तातोपानी गाउँपालिकाको जीवन स्तरमा परिवर्तन ल्याउने ।

ग) कृर्षि, उद्योग, बन, जडिबुटी पर्यटन क्षेत्रको विकासबाट उत्पादन बृद्धि गरी रोजगारी सिर्जना गर्ने ।

घ) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक सेवा प्रवाहमा सुधार, शान्ति सुरक्षाको प्रत्याभूति र भष्टाचार नियन्यत्र गरी सम्य समाजको निर्माणमा जोड दिनु ।

**सम्मानित अध्यक्ष एवम् गाउँसभा**

**माथि उल्लेखित उद्येश्यहरु लागि देहायका कार्यक्रमहरु तयार गरेको छु**

क.तातोपानी गाउँपालिकाको दिगो विकास र समृद्धिका लागि सडक योजनाको पहुँच ।

ख.कृषि, जडिबुटी, बन पैदाववर व्यवस्थापन, रैथाने बालिहरुको संरक्षणबाट आत्मनिर्भरता, उत्पादनमा बृदि ।

ग.शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, सामाजिक सुरक्षा, उद्यमशिलताको विकास ।

घ.सुशासनको प्रत्याभूति

ङ.स्थानीय तहको समग्र विकासका लागि मानव संशाधनको विकास ।

च. पर्यटन क्षेत्रको पहिचान र प्रर्वधनबाट रोजगारीका अवसरहरु सिर्जना ।

अब म आ.व.२०७६।०७७ को लागि समग्र गाउँ विकास योजना तर्जुमा गर्ने निम्न वमोजिमको आय अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

<u>आय अनुमान</u>

१) बितीय समानीकरण अनुदान रु ९ करोड ८८ लाख

२) संघीय राजश्व बाँडफाँड प्राप्त रु७ करोड २५ लाख

३) प्रदेश राजश्व बाँडफाँडबाट रु३ लाख ९९ हजार

४) प्रदेश समानीकरण अनुदान रु१ करोड ३१ हजार

५) गाउँपालिकाको आन्तरिक आय बाट प्राप्त हुने आय रु १६ लाख ५४ हजार ५४३

संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त हुने रकम निम्नानुसार छ :

क) उर्जा रु१९ लाख ९० हजार

ख) शिक्षा रु८ करोड ९५ लाख २५ हजार

ग) स्वास्थ्य रु१ करोड७८ लाख ८७ हजार

घ) कृर्षि रु१६ लाख ४५ हजार

ङ) पर्यटन रु१० लाख

च) युवा तथा खेलकुद १० लाख

छ) बन तथा वातावरण रु

ज) पुर्वाधार यातायात  रु५९ लाख ३५ हजार

झ) श्रम तथा रोजगारी रु ६ लाख १८ हजार

**समेत सशर्त अनुदान ११ करोड ८७ लाख**

क) सामाजिक सुरक्षा रु ४ करोड २० लाख

ख) बहुक्षेत्रीय पोषण रु१३ लाख ७५ हजार

**गैर सरकारी संस्थाको बजेट**

क)  सर्वोदय नेपाल १० लाख २८ हजार

ख) स्वास्थ्यको लागि सक्षम प्रणाली ८ लाख

ग) पेस नेपाल ३० लाख ८१ ह्जार ६ सय

यसरी आगामी आ.व. २०७६/०७७ मा समग्र गाउँविकास योजना कार्यन्वयनको लागि प्रस्तावित बजेट जम्मा**३६ करोड ४८ लाख ७९ हजार १४३** यस गरिमामय सभामा स्वीकृतीको लागि पेश गर्ने अनुमति चाहन्छु।

व्याय अनुमान निम्न अनुसार रहेको छ।

१) पुजिगत तर्फ१० करोड १९ लाख १८ हजार २०

२) चालु तर्फ रु. ९ करोड ५९ लाख ७८ हजार ५२३

बाँडफाँड गरिएको पुँजिगत बजेट देहाय अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु :

**क) शिक्षा**

देश विकासको मेरुदण्डको रुपमा रहेको शिक्षा आज विभिन्न वृतबाट अत्यावश्यक देखिएको छ। शिक्षा विना कोही कसैले समृद्ध जीवनको कल्पना पनि गर्न सक्दैन। यही शिक्षा मार्फन देश दर्शनलाई वर्तमान सामू पस्किने गरिन्छ। जीवन शिक्षा हो र शिक्षा जीवन हो। विद्यालयको भौतिक पूर्वाधार विकास, मर्मत संम्भार, अभिलेख ब्यावस्थापन, पुस्तकालय ब्यावस्थापन, बालविकास देखि मा.वि सम्मको ब्यावस्थापन, सामुदायिक सिकाई केन्द्र ब्यावस्थापन र विद्यालयको गुणस्तरसंग प्रत्यक्ष जोडिएका पदाधिकारीहरुको क्षमता अभिवृद्धि लागि रु १ करोड २१ लाखविनियोजन गरेको छु।

**ख) स्वास्थ्य**

गाउँ गाउँमा सरकार घरघर उपचार भन्ने मूल आदर्शलाई कायान्वयन गर्न स्वास्थ्य संस्थाको संस्थागत र संरचनागत विकास, खोप कार्यक्रम ,वर्थिङ सेन्टरको ब्यावस्थापन, र स्वास्थ्य शाखाले तयार पारेको रणनितिक योजना र स्वास्थ्य सम्बन्धी विविध कार्यक्रमहरु संचालनार्थ रु.३५ लाख विनियोजन गरेको छु।

ग) लक्षित वर्ग

जनताका घर घर सरकार पुग्नुको उद्धेश्य हो राज्यको पहुँच बाहिरका समुदायलाई समृद्धि तर्फ लैजानु । यस गाउपालिका क्षेत्रमा जतातत्तै राज्यको मूल प्रवाहबाट बन्चित रहेका थुप्रै लक्षित वर्गहरु रहेका छन् । जस अर्न्तगत दलित, असहाय महिला, अपाङ्ग र अनाथ असहाय बालबालिका जनजाति आदिवासीहरु पर्दछन उनिहरुको क्षमता विकास, संरक्षण, सम्बद्धर्न र सम्मानको लागि एकमुस्ट रु १२ लाख विनियोजन गरेको छु ।

घ) कृषि

कृर्षि प्रधान देशका ७५३ स्थानीय तह मध्ये थुप्रै कृषिका सम्भावना बोकेको स्थानीय तह हो तातोपानी गाउँपालिका । ५२५.५६ बर्ग किलोमिटर ओगटेको यस पालिकाको अधिकांश भूमि कृर्षि योग्य छ । यहाँ जतातत्तै खेतियोग्य जमिन छ । गाउँपालिका समृद्धिको लागि यहाँको थुप्रै कृषियोग्य भूमि आधारस्तम्भको रुपमा रहेको छ । कृषकहरुको क्षमता अभिवृद्धि, उन्नत बाली संरक्षण, सम्बद्धर्न र व्यवस्थापन, स्याउ बगैचा ब्यावस्थापन, व्यवसायिक कृर्षि खेती र रैथाने बालिहरुको संरक्षण एवम् सम्बर्धनका लागि रु ९५लाख विनियोजन गरेको छु ।

सडक

**गाउँगाउँ सडक सन्जालका पोका, अत्यावश्यक सुविधाहरु पुरयाउन यातायात रुपी ढोका** भन्ने मूल नारालाई अङ्गिकार गर्दै कुनै पनि स्थानीय तहलाई समृद्धितिर लैजाने एक उपाया हो सडक जसले विकासको पूर्ण प्रत्याभूति दिन ढोक घच्घच्याउछ । तातोपानी गाउपालिका अन्तर्गत थुप्रै स्थानहरु सडक विकासको पर्खाइमा रहेका छन् । समग्र सडक विकासका लागि रु १ करोड८९ लाख बजेट विनियोजन गरेको छु ।

## खानेपानी

आ.व.२०७६।७७ का यस गाउँपालिकाको नीति तथा कार्यक्रमले परिलक्षित गरेको **तिला र भेरीखोलाको पानी, स्वस्थ्य र समृद्ध जीवनमा लगानी** " भन्ने मूल वाक्यलाई आत्मसाथ गर्दै तातोपानी गाउपालिका जुम्लाले खानेपानीको ट्यांकी व्यवस्थापन, मर्मत सम्भार, धारा व्यवस्थापन र विस्तार उपभोक्ताहरुको क्षमता विकासका लागि रु १ करोड ५६ लाख रकम विनियोजन गरेको छु ।

## नदी नियन्त्रण

११९ वटा कर्णालीका सशाढ्य ज्युलाहरुमध्ये यस गाउपालिका अन्तर्गत लाछु लाम्रा लगायत थुप्रै ज्युलाहरुमा मनग्य धान खेती हुन्छ। यी ज्युलाहरुमा हरेक बर्ष नदीले खेतहरु क्षय हुदै गैरहेका छन् । यस अवस्थालाई मध्यनजर गरी रु ३५ लाख विनियोजन गरेको छु ।

## संस्कृति संरक्षण

तातोपानी गाउँपालिका विविध संस्कृतिले भरिपुर्ण स्थानीय तह हो । यहाँ प्राचीनकालदेखि विभिन्न सांस्कृतिक चालचलनले आफ्नो सभ्यताको पहिचान दिएका छन् । यहाँ विभिन्न अवसरमा गाइने झोडा, मागल, चुट्किला, गीतले सुन्दरता प्रदान गरेका छन् । यसको संरक्षण, सम्बर्धन र प्रवर्धन गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु ।

## खेलकुद

**विकास अनुशासन र गतिशीलता** भन्ने राज्यको मूल आदर्शलाई मध्यनजर गरी देश समृद्धिका मूल खम्बाका रुपमा रहेका युवाहरुलाई आफ्नै देशको विकासको पथमा संलग्न गराउन **गाउँ गाउँ टोल टोल युवाको पहिचान, विकास र अनुशासनका लागि युवा अभियान** भन्ने नारालाई अङ्गिकार गर्दै युवा तथा खेलकुदको लागि बजेट १५ लाख विनियोजन गरेको छु ।

## विपद व्यवस्थापन

तातोपानी गाउपालिका जुम्लाका विभिन्न सडक, बस्ति, शिक्षण संस्था, सरकारी तथा गैरसरकारी भवन र सर्वसाधारण जनताका घरहरुमा अचानक आउन सक्ने विपद व्यवस्थापनका लागि गाउपालिका स्तरमा विपद व्यवस्थापन कोष खडा गरिने छ। जसको लागि रु ९ लाख बजेट विनियोजन गरेको छ् ।

## कानून

तातोपानी गाउँपालिकाको न्यायिक समितिको संस्थागत विकास र न्यायिक प्रशासन सम्बन्धी विभिन्न कार्यहरु गर्न  रु ५ लाख बजेट विनियोजन गरेको छु ।

## बन

हरियो बन नेपालको धन भन्ने राज्यको मूल मर्मलाई स्थानीय स्तरबाट नै कार्यान्वयन गर्न  बन क्षेत्रको संरक्षण सम्बर्द्धन र प्रवर्धन गर्न रु ५ लाखबजेट विनियोजन गरेको छु ।

## सूचना प्रविधि

एक्काइसौ शताव्दी भनेको सूचना प्रविधिको युग हो । विज्ञान प्रविधिको विकासले संसार नै एक घर भैरहेको परिपेक्षमा स्थानीय तहमा यसको व्यवस्थापनका लागि रु  ५ लाख बजेट विनियोजन गरेको छु ।

## पर्यटन

स्थानीय तह समृद्धिको मूल ढोकाको रुपमा रहेको पर्यटन क्षेत्रलाई माथि उठाउन **गाउँ गाउँमा पर्यटन आय आर्जनमूलक जीवन** भन्ने अवधारणालाई आत्मसाथ गर्दै पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटन प्रवर्द्धन गर्न रु ३३ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

## महिला

समग्र देशमा जस्तै तातोपानी गाउँपालिकाको आधा आकासरुपी जनसंख्या समेटिएको क्षेत्र हो महिला विकास । महिला हरुको सशक्तिकरणको साथै महिला विकास कार्यक्रम हरुको प्रवद्धनको १० लाख विनियोजन गरेको छु ।

## सिचाई

उन्नत र मनग्य अर्गानिक वस्तु उत्पादनको मूल आधार स्तम्भ हो सिचाई । सिचाइ कुलो व्यवस्थापन, नदी नियन्त्रण र कृषकहरुको क्षमता विकास जस्ता कार्यको लागि ८६ लाख रकम विनियोजन गरेको छु ।

## पशु

अन्य गाउँपालिका /नगरपालिका जस्तै पशु चौपायहरुको वाहुल्यता भएको सुन्दर नगरी हो तातोपानी गाउँपालिका । यहा रहेका पशुहरुको संरक्षण, विकास र सर्म्वद्धनको साथै पशु विकास कार्यक्रमहरु लाई प्रभावकारी रुपमा संचालन गर्नको लागि रु १० लाख वजेट विनियोजन गरेको छु ।

## उद्योग

गाउँ नै गाउँले भरिएको तातोपानी गाउँपालिकाममा विभिन्न वस्तीहरुमा सीप विकासका कार्यक्रमहरु संचालन गरी आर्य आर्जन वढाउनका लागि उद्योगको क्षेत्रमा १० लाख वजेट विनियोजन गरेको छु ।

## विद्युत

**उज्यालो गाउँपालिका** वनाउने यस पालिकाको मूल ध्येय लाई मध्यनजर गरि विद्युतीय क्षेत्रलाई विकास, विस्तार र व्यवस्थापनका लागि रु २० लाख विनियोजन गरेको छु ।

## जनतासँग अध्यक्ष कार्यक्रम

तातोपानी गाउँपालिका जुम्लामा बसोवास गर्ने कुनै पनि नागरिकलाई निशुल्क स्वास्थ्य सेवा दिनको लागि जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत निशुल्क स्वास्थ्य शिविर संचालन गर्न रु ५ लाख बजेट बिनियोजन गरेको छु ।

### जनतासँग उपाध्यक्ष कार्यक्रम

ग्रामीण समुदायमा रोगको रुपमा देखिएको बालविवाह बहुविवाह जस्ता कुरीतिहरु निराकरण गर्नको लागि किशोरीसँग उपाध्यक्ष कार्यक्रमको लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु ।

## Talking Teacher

एक्काइसौ शताव्दी युगमा शिक्षण सिकाइमा आएको नवीन प्रविधि तातोपानी गाउँपालिका ८ वटा वडाका १ १ आधारभूत विद्यालयमा संचालन गर्न Talking Teacher को लागि २३ लाख बजेट बिनियोजन गरेको छु ।

### गुरुफोक्टो दिवस

नेपालको इतिहासको पानामा उल्लेखित कालीमार्सी धानको विऊ पहिलो पटक उमारिएको गुरुफोक्टोमा हरेक बर्ष जेष्ठ ३० गते रोपाइ गरिने भएकोले सो दिनको व्यवस्थापनका लागि १ लाख ३० हजार बजेट बिनियोजन गरेको छु ।

### बहुक्षेत्रीय पोषण

तातोपानी गाउँपालिका भित्रका सुनौला हजार दिनका महिलाहरुलाई पोषण सम्बन्धी विविध कुराहरुको व्यवस्थापनका लागि केन्द्रीय निकायबाट प्राप्त भएको १३ लाख ७५ हजार बजेटमा समपुरकको रुपमा रु ३ लाख बजेट बिनियोजन गरेको छु ।

### प्राविधिक समान

गाउँपालिकाबाट संचालन गरिने विभिन्न योजनाहरुलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि प्राविधिक समानहरुको आवश्यक पर्ने भएकोले सो समानहरु खरिद गर्नको रु ८ लाख बजेट बिनियोजन गरेको छु ।

**पुर्वाधान विकास**

गाउँपालिका अन्तर्गतका सभा गृह, शहिद गेट निर्माण र मर्मतका लागि रु ८ लाख बजेट बिनियोजन गरेको छु ।

**अन्य**

तातोपानी गाउपालिका क्षेत्रलाई प्रविधिमय बनाउन  फर्निचर व्यवस्थापन, मेसिनरी औजार, पुस्तक व्यवस्थापन र परिषद् व्यवस्थापनका लागि एकमुष्ट रु १६ लाख विनियोजन गरेको छु ।

अन्तमा बजेट तयारीको क्रममा निर्देशन गर्नु हुने तातोपानी गाउँपालिका जुम्लाका अध्यक्ष, वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिहरु लगायत सवै कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । व्यस्त समयका वावजुद पनि हाम्रो निमन्त्रणलाई स्वीकार गरि तातोपानी गाउँपालिकाको पाँचौ बजेट वक्तव्य सभामा पाल्नु भएका आमन्त्रित सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनीधि ज्यूहरु, क्षिक्षक, वुद्दिजिवी, कर्मचारी, सञ्चारकर्मीहरुलाई म कृतज्ञता व्यक्त गर्दछु ।तातोपानी गाउँपालिका भित्र र वाहिर रहनु भएका आमा बाबा, दाजु भाइ, दिदी बहिनी लगायत सुन्दर गाउँपालिकाको रेखा कोर्न सिपाहीको रुपमा खटिनु भएका व्यक्तित्वहरु प्रति आत्मदेखि नै धन्यवाद दिन चाहन्छु । आ.व.२०७६।७७ को लागि ल्याइएको तातोपानी गाउँपालिकाको समृद्धिको पोको रुपी बजेटलाई कार्यान्वयन गर्नको लागि सहयोग, समन्वय, सहकार्यको अपेक्षा राखेको छु ।

धन्यवाद नमस्कार ।

मिति : २०७६।३।२५